# जानकारी




तपाईंसँग तपाईंको स्वास्थ्य र उपलब्ध विभिन्न सेवाहरू, जस्तै सार्वजनिक र निजी विकल्पहरू, का बारेमा स्पष्ट जानकारी प्राप्त गर्ने अधिकार छ।

तपाईंले कुनै पनि उपचार गर्नुअघि सूचित सहमति दिन आवश्यक छ। यसको मतलब तपाईंले आफ्नो उपचार विकल्पहरू, सम्भावित फाइदा तथा जोखिमहरू, र खर्चहरूका बारेमा पूर्ण रूपमा बुझ्नपर्छ।

तपाईंलाई तपाईंको स्वास्थ्य सेवा विकल्पहरू, कहाँ जाने, पर्खने समय र तपाईंले कुनै चीजका लागि केही शुल्क तिर्न आवश्यक छ कि भन्नेबारे जानकारी दिइएको हुनुपर्दछ।

यदि तपाईंको स्वास्थ्य उपचारको क्रममा केही गलत भयो भने तपाईंलाई यसको बारेमा जानकारी पाउने अधिकार छ। स्वास्थ्य सेवाले के भयो, तपाईं कसरी प्रभावित हुन सक्नुहुन्छ र हेरचाहलाई सुरक्षित बनाउन के गरिँदैछ भनेर व्याख्या गर्नुपर्छ।

# गोपनीयता




तपाईंसँग आफ्नो गोपनीयताको सम्मान पाउने अधिकार छ। यसमा तपाईंको शरीर, सामान, सूचना र व्यक्तिगत क्षेत्रको गोपनीयता समावेश छ।

तपाईंको व्यक्तिगत र चिकित्सा सूचना सुरक्षित र गोप्य राखिएको हुनुपर्दछ।

# प्रतिकृया दिनुहोस्

तपाईंसँग प्रतिक्रिया दिने वा उजुरी गर्ने अधिकार छ। तपाईंका चिन्ताहरू खुलेर र उचित समय सीमाभित्र सम्बोधन गरिनुपर्छ। प्रतिक्रिया वा गुनासो उपलब्ध गराउनाले तपाईंलाई गरिने व्यवहारमा नकारात्मक असर पार्नु हुँदैन।

आफ्नो अनुभव बाँड्नाले स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्न सकिन्छ।

यदि तपाईं आफ्नो अधिकारहरू पूरा नभएकोमा चिन्तित हुनुहुन्छ भने, तपाईंको चिकित्सक वा स्वास्थ्य सेवा संस्थासँग कुरा गर्नुहोस्। यदि तपाईं यो गर्न सक्षम हुनुहुन्न, वा तिनीहरूको प्रतिक्रियाबाट सन्तुष्ट हुनुहुन्न भने, तपाईंको राज्य वा क्षेत्रको स्वास्थ्य गुनासो संगठनलाई सम्पर्क गर्नुहोस्।

स्वास्थ्य गुनासो संगठनहरूको बडापत्र वा सम्पर्क विवरणहरूको बारेमा थप जानकारीको लागि **www.safetyandquality.gov.au/your-rights** मा जानुहोस्।





Level 5, 255 Elizabeth Street
Sydney NSW 2000

GPO Box 5480
Sydney NSW 2001

टेलिफोन: (02) 9126 3600
mail@safetyandquality.gov.au

**safetyandquality.gov.au**


मलाई स्क्यान गर्नुहोस्


AUSTRALIAN COMMISSION ON SAFETY AND QUALITY IN HEALTH CARE

जुन 2022


# मेरो स्वास्थ्य हेरचाह अधिकार

NEPALI | नेपाली




AUSTRALIAN COMMISSION ON SAFETY AND QUALITY IN HEALTH CARE

तपाईंसँग सुरक्षित र उच्च गुणस्तरको स्वास्थ्य सेवाको अधिकार छ, जुन **अष्ट्रेलियन चार्टर अफ हेल्थकेयर राइट्स (बडापत्र) Australian Charter of Healthcare Rights (the Charter)** मा वर्णन गरिएको छ।

बडापत्रले तपाईं वा तपाईंको हेरचाह गर्ने व्यक्तिले स्वास्थ्य हेरचाह प्राप्त गर्दा के आशा गर्न सक्छ भनेर व्याख्या गर्दछ।

उक्त अधिकारहरू अष्ट्रेलियामा स्वास्थ्य सेवा प्रदान गरिने स्थलहरूमा सबैका लागि र सर्वत्र लागू हुन्छन्।

आफ्नो अधिकारहरू पढ्न र बुझ्नको लागि समय लिनुहोस्।

यस जानकारी-पत्रले **बडापत्रका सात अधिकारहरू** लाई वर्णन गर्दछ।



## पहुँच

तपाईंलाई स्वास्थ्य हेरचाह सेवाहरू प्रयोग गर्ने र आवश्यक परेको बेला उपचार पाउने अधिकार छ।



तपाईंलाई तपाईंको आवश्यकता अनुसारको स्वास्थ्य सेवा हेरचाह प्राप्त गर्ने अधिकार छ।

मेडिकेयरले डाक्टरलाई भेट्ने खर्च, साथै धेरै उपचार र औषधि खर्च व्यहोर्न मद्दत गर्दछ। तपाईंले उपचार प्राप्त गर्नुअघि, तपाईंले तिर्नु पर्ने कुनै शुल्क र रकमहरु छन् कि भनी तपाईंलाई थाहा पाउने अधिकार छ।

स्वास्थ्य सेवा संगठनहरूले अशक्तता भएका व्यक्तिहरूलाई यसको सेवाहरू प्रयोग गर्न सक्षम बनाउने वातावरण उपलब्ध गराउनु पर्छ।

## सुरक्षा

तपाईंलाई एक सुरक्षित र तपाईंले सुरक्षित महसुस गर्ने स्थानमा हेरचाह पाउने अधिकार छ।



तपाईंसँग राष्ट्रिय मापदण्डहरू अनुसारको सुरक्षित र उच्च गुणस्तरीय स्वास्थ्य सेवा हेरचाह प्राप्त गर्ने अधिकार छ।

तपाईंको स्वास्थ्य हेरचाह तथा उपचार उपलब्ध उत्तम प्रमाण र तपाईंको आवश्यकता तथा प्राथमिकताहरूमा आधारित हुनुपर्छ।

यदि तपाईं आफ्नो स्वास्थ्यको बारेमा चिन्तित हुनुहुन्छ, चिन्ताजनक परिवर्तन देख्नुहुन्छ, वा केही छुटेको छ भन्ने लाग्छ भने, तपाईंसँग समीक्षाको लागि अनुरोध गर्ने अधिकार छ।

## आदर



तपाईंको स्वास्थ्य सेवा संस्थाले तपाईंको संस्कृति, पहिचान र विश्वासलाई पहिचान र सम्मान गर्नुपर्छ।

तपाईंलाई मर्यादा, सम्मान र करुणाको साथ व्यवहार गरिनुपर्ने अधिकार छ।

तपाईंलाई तपाईंको आवश्यकताहरुको बारेमा सोधिनुपर्छ र तपाईंको हेरचाहमा तपाईंको छनौट अनुसारको हुनुपर्छ।

## साझेदारी

तपाईंको चिकित्सकसँग जानकारी बाँड्नाले तपाईंलाई सही हेरचाह प्राप्त गर्न उहाँले मद्दत गर्न सक्नुहुन्छ।



तपाईंलाई आफ्नो स्वास्थ्य सेवा प्रदायकसँग साझेदारको रूपमा व्यवहार गरिने अधिकार छ। तपाईंले चाहिने जति धेरै प्रश्नहरू सोध्न सक्नुहुन्छ। तपाईंको चिकित्सकले तपाईंसँग तपाईंको स्वास्थ्य हेरचाहको बारेमा खुलेर र इमानदारीपूर्वक कुरा गर्नुपर्छ।

तपाईंले आफ्नो हेरचाहमा अन्य व्यक्तिहरू समावेश गर्न सक्नुहुन्छ, जस्तै परिवार, साथीहरू, हेरचाहकर्ता वा उपभोक्ता अधिवक्ता।